म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १८५ शुक्रबार, २ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 14 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्रजातन्त्रका मूलभूत मान्यता**

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडा बालमैत्री घोषणा, अब महानगर बनाउने प्रतिबद्धता





साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका हेटौंडालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तहको रुपमा घोषणा गरिएको छ ।

सरकारका उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा नगरप्रमुख मीनाकुमारी लामाको सभाध्यक्षता रहेको घोषणा समारोहमा ताम्रपत्र अनावरण गर्दै हेटौंडालाई 'निकृष्ट बालश्रम मुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त पालिका' घोषणा गरेका हुन् । मन्त्री सिंहले हेटौंडालाई आगामी केही महिनाभित्रै संघीय सरकारले स्थानीय निकायको मापदण्ड अनुसार महानगरपालिकामा रुपान्तरण गर्नेतर्फ प्रतिबद्ध भएको जानकारी गराएका छन् ।

उनले बालमैत्री घोषणा भन्दा पनि दिगोपनमा गम्भीर भएर काम गर्न आग्रह गरेका छन् । मन्त्री सिंहले बालबालिकाको अधिकार तथा नागरिकको मौलिकहक प्रत्याभूत गर्ने सवालमा स्थानीय तहदेखि प्रदेश र संघ सरकारले मिलेर काम गर्नुपर्नेमा जोड दिए । समाजको उत्थान गर्न र स्थानीय तहमा सुशासन ल्याउन उपमहानगर पालिकाको नयाँ सोच र चिन्तनका साथ अघि बढ्नुपर्ने बताए ।

उनले बालबालिकाको चौतर्फी विकासको लागि उनीहरुको मनोविज्ञानलाई भावनात्मक रुपले अघि बढाउन विद्यालयले गुणात्मक शिक्षाको साथै अनुशासित एवम् प्रभावकारी ढंगबाट समाजमा उत्थान गर्ने कार्यमा सरिक हुन प्रेरणा जगाउनुपर्नेमा जोड दिए । मन्त्री सिंहले स्थानीय निकायले सहरलाई आधुनिकरण गर्दै नगरक्षेत्रमा रहेका शिक्षा, स्वास्थ्य, पर्यटन क्षेत्रको विकासलाई गुणस्तरीय सेवाप्रदान गरी सर्वसाधारण नागरिलाई छिटो छरितो सेवाप्रवाह गर्नेतर्फ जनप्रतिनिधि इमान्दार हुनुपर्ने बताए ।

बागमती प्रदेशका कार्यबाहक मुख्यमन्त्री प्रकाश श्रेष्ठले हेटौंडा उपमहानगरपालिकालाई महानगर बनाउने सपना रहेको बताए । महानगरको मापदण्ड पूरा गर्न प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने जिम्मेवारीमा कुनै कमी हुन नदिइने प्रतिबद्ध रहेको उनको भनाई छ । कार्यबहाक मुख्यमन्त्री श्रेष्ठले बालमैत्री घोषणालाई घोषणामा मात्र नभई व्यवहारमा पनि कार्यान्वयन गर्न वडा समितिलाई जिम्मेवार बनाउनुपर्ने बताए । काबा मुख्यमन्त्री श्रेष्ठले बागमती प्रदेशको विभिन्न जिल्लामा बहुवर्षीय योजनालगायत दीगो विकासको लागि स्थानीय ११९ तहलाई विभिन्न योजना, बजेट, प्राविधिक उपलब्ध गराइएको बताए ।

कार्यक्रममा मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ का सदस्य तथा पूर्वाधार विकास समिति सभापति दीपकबहादुर सिंहले बालमैत्री शासनयुक्त पालिका घोषणा भएको हेटौंडालाई दीगो रुपमा कार्यान्वयनमा ल्याउन सम्बन्धित पदाधिकारी इमानदारीपूर्वक क्रियाशील हुनुपर्ने उल्लेख गरे । उनले बालबालिकालाई उनीहरुको रुचीअनुसार शिक्षा लगायत प्राविधिक पक्षमा अध्ययन गर्ने वातावरण बनाउन सकेमा मात्रै लक्ष्य पूरा गर्न सकिने बताए ।

कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँ, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, एकलाल श्रेष्ठ, जिसस मकवानपुरका प्रमुख ललितबहादुर घलान, प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरे, हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँलगायतले आफ्नो धारणा राखेका थिए । बागमती प्रदेशका कार्यबाहक मुख्यमन्त्री श्रेष्ठले हेटौंडा उपमहानगरपालिकाद्वारा आयोजित विभिन्न टोल विकास समिति, शैक्षिक संस्थालाई प्रमाणपत्र वितरण गरेका थिए ।

यसैगरी, हेटौंडाले तीनवर्षको मिहेनतपछि बिहीवार घोषणा गर्न सफल भएको हो । हेटौंडा उपमहानगरपालिका मकवानपुरको चौथो बालमैत्री स्थानीय तह घोषित भएको छ । यसअघि जिल्लाको मनहरी गाउँपालिका बालमैत्री घोषित देशकै पहिलो गाउँपालिका बनेको थियो । मनहरीपछि मकवानपुरगढी गाउँपालिका र बकैया गाउँपालिका बालमैत्री पालिका घोषणा भएका थिए ।

हेटौंडा बागमती प्रदेशको एकमात्र उपमहानगर हो । बागमती भित्र चारवटा महानगरपालिका बाहेक सबै नगरपालिका छन् । हेटौंडा उपमहानगरपालिकामा १८ वर्ष भन्दा कम उमेर समूहका ५० जार १ सय ९५ जनसंख्या छ । जसमा २६ हजार १ सय ४५ बालक र २४ हजार ५० बालिका रहेका छन् । घोषणाका लागि आवश्यक ५१ वटा सूचकमध्ये उपमहानगरपालिकाले ४३ सूचकमा सतप्रतिशत नतिजा हासिल गरेको नगरउपप्रमुख बानियाँले बताए ।

हेटौंडामा २ सय ६५ टोलस्तरीय र १ सय ६ वटा बालसमूह गरी जम्मा ३ सय ७१ वटा बालसमूह तथा १९ वडास्तरीय र १ नगरस्तरीय गरी २० वटा बालसमूह सञ्जालसहित बालबालिकाको संरचना क्रियाशील छन् ।

विभिन्न संरचनागत समितिमा ९ हजार २ सय ५० जना बालिबालिकाको प्रत्यक्ष सहभागिता रहेको उपमहानगर प्रवक्तासमेत रहेका १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए । उपमहानगरलाई बालमैत्री घोषणा पश्चात् दिगोपनाको लागि नगरस्तरीय पञ्चवर्षीय रणनीतिक योजना तयार पारिएको उनले बताए ।

# मकवानपुरगढीमा वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ मकवानपुरगढी गाउँपालिकामा बिहीवारबाट सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाट वितरणकार्य सुरु भएको छ । पालिकाको ८ वटा वडामध्ये ४ वटा वडामै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरिएको हो ।

मकवानपुरगढी गाउँपालिकाले नीतिगत निर्णय गरेर पालिकाको केन्द्रमा रहेको नबिल बैंकमार्फत वितरण हुने सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयमै पुगेर वितरण गर्ने प्रबन्ध मिलाईएको मकवानपुरगढी गाउँपालिकाले जनाएको छ । चालू आर्थिक वर्ष २०८१/८२ को दोस्रो किस्ता बापतको रकम वडा कार्यालयबाट नै वितरण भएको छ । वडा नम्बर १ आँपटारबाट वितरणको काम सुरु भएको हो ।

दोस्रो किस्ताबाट २ नम्बर वडाको शिखरकटेरीमा रहेको वडा कार्यालयबाट सुरु गरिने गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतानले बताए । वडा नम्बर ज १, ७ र ८ मा गत आव २०८०/८१ देखि नै वितरणको काम भइसकेको स्याङतानले बताए । आगामी दिनमा पालिकाले नबिल बैंकसँगको सहकार्यमा बाँकी रहेको अन्य वडा कार्यालय ४, ५, र ६ बाट नै वितरण गर्ने योजना रहेको बताए ।

गाउँपालिका केन्द्रमा रहेको नबिल बैंकसम्म आउन जान वृद्धवृद्धा तथा अशक्त नागरिकलाई समस्या भएपछि वडास्तरबाट सेवा दिने कामको सुरुवात गरेको मकवानपुरगढी अध्यक्ष स्याङ्तानले बताए । मकवानपुरगढी गाउँपालिका वडा १ बाट घुम्तीशिविरमार्फत सामाजिक सुरक्षा भत्ता रकम जम्मा १०५ जना लाभग्राहीले सामाजिक सुरक्षा भत्ता रकम बुझेको छन् ।

ज्येष्ठनागरिक, दलित, अशक्त, असहाय, एक महिलालगायत लाभग्राहीलाई बैंकमा आएर भत्ता लिन असहज भएकाले सहजताका लागि हाल ४ वटा वडाबाट भत्ता वितरण गरिएको गाउँपालिका प्रसासनप्रमुख रघुनाथ हुमागाईले जानकारी दिए । हुमागाईले शुक्रबार पनि १ नम्बर वडा कार्यालयबाट वितरण गरिने बताए । फागुन ४ र ५ गते वडा नम्बर २, फागुन ६ र ८ गते वडा नम्बर ७ र फागुन ९ र ११ गते वडा नम्बर ८ बाट वितरण गरिने भएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# थाहा नगरपालिकाको वेबसाइट ह्याकरको नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ मकवानपुरको थाहा नगरपालिकाको वेबसाइट ह्याक भएको छ । नगरपालिकाको नाममा दर्ता गरिएको सबडोमेनमा अनाधिकृत रुपमा वेबसाइट ह्याक भएको खुलासा भएको हो ।




ह्याकरले वेसबाइट नियन्त्रणमा लिई इन्डोनेसियाली भाषामा 'ढिलासुस्ती गर्न मन नपराऊ, तिमीलाई निन्द्रा लाग्नेछ' भन्ने सन्देश छोडेका छन् । आक्रमणकारीले आफूलाई इन्डोनेसियाली ह्याकर भएको र ह्याकर समूहसँग आबद्ध रहेको दाबी गरेका छन् । यो समूहमा इन्डोनेसिया, चीन र रुसका सदस्य रहेको बताइएको छ । ह्याकरले आफ्नो पहिचान खुलाउने क्रममा जोन-एच आर्काइभ र टिकटक ह्यान्डलको लिंक पनि वेबसाइटमा राखेका छन् ।

जोन-एच ह्याक भएका वेबसाइटहरुको रेकर्ड राख्ने र साइबर सुरक्षासम्बन्धी समाचार प्रकाशन गर्ने एक चर्चित प्लेटफर्म हो । यस घटनाबारे थाहा नगरपालिका भने अनभिज्ञ देखिएको छ । नगरका सूचनाअधिकारी सुरजकुमार भुजेलले यसबारे आफूहरुले थप बुझ्ने प्रतिक्रिया दिए । उनले भने, 'हामीलाई यो घटनाबारे जानकारी छैन । अब बुझ्छौं ।' यो घटनाले नेपालका सरकारी वेबसाइटको सुरक्षामाथि प्रश्न खडा गरेको छ ।

# पूर्वीमकवानपुरमा मिनि रंगशाला तयार

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ पूर्वीमकवानपुरकोबागमती गाउँपालिकामा मिनि रंगशाला तयार भएको छ । बागमती गाउँपालिकाले आफ्नै लगानीमा गाउँपालिका कार्यालय नजिकै फुटबल रंगशाला निर्माण गरेको हो ।



गाउँपालिकाले गत आर्थिक वर्ष असोज १७ गते ठेक्का आह्वान गरी रंगशाला निर्माणकार्य अघि बढाएको थियो । माघ पहिलो साता नै रंगशालाको काम सकेर निर्माण कम्पनीले पालिकालाई हस्तान्तरण गरिसकेको छ । २२ हजार ९ सय २५ वर्गमिटर क्षेत्रफलमा निर्माणाधीन रंगशालाको उत्तर-पश्चिम दिशामा ६२ मिटर लम्बाइ र १२.५ मिटर चौडाइको प्यारापिट निर्माण गरिएको छ ।

प्यारापिट करिब २ हजार ५ सय दर्शक अटाउने क्षमताको छ । रंगशालामा फेन्सिङ वायरसहित घेराबार, चेन्जिङ रुम, शौचालयको निर्माण पनि गरिएको छ । नवनिर्मित रंगशालामा फागुन ३ देखि १० लाख पुरस्कार राशीको सातौं बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आयोजना हुँदैछ । यसअघि प्यारापिट सहित मैदान अभावमा पहिलोदेखि छैटौं संस्करणसम्म बागमती गाउँपालिकाको-८ स्थित जनता माविको मैदानमा प्रतियोगिता गरिरहेको थियो ।

हेटौंडा उपमहानगर पालिका-५ को सञ्जय निर्माण सेवाले रंगशाला निर्माण गरेको थियो । निर्माण कम्पनीले भेरियसन सहित ३ करोड ६० लाख ८८ हजार रुपैयाँमा काम सम्पन्न गरेको पालिका सव-इन्जिनियर गौरीशंकर ठाकुरले बताए । गाउँपालिका र निर्माण व्यवसायीबीच २०८० माघ ४ गते सम्झौता भएको थियो ।

|| बिशेष आकर्षण ||
हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# उद्योग खोज्दै मन्त्री गाउँमा

स्वदेशी उत्पादन ठप्प भएपछि विदेशी उत्पादन उपभोग गरिरहेको हाम्रो समाजमा सानो काम गर्दा पनि त्यसले ठूलो चर्चा बटुल्ने भएको छ । बर्तमान समयमा काम गर्नेको भन्दा गफ गर्नेको बोली बिक्ने र गफाडीलाई समाजले सम्मान गर्ने गरेका कारण उत्पादन ठप्प भएको छ । पसिना बगाउने मानिसको पसिनाको कदर छैन । राज्यको ढुकुटी ठग्नसक्नेलाई सलाम ठोक्ने समाजमा उत्पादन गर्नुभन्दा गुलामी गर्नु श्रेयष्कर मानिन्छ । गढीका एक युवाले केराको सुप्लोबाट कागज उत्पादन गरेको समाचार आउनेबित्तिकै उद्योगमन्त्री दौडिहाल्नु पर्ने दिन आएको छ । मकवानपुरगढी गाउँपालिका-३ मा कुबेर तिमल्सिनाले सुरु गरेको तिमल्सिना नेपाली हाते कागज उद्योगमा बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकुमाया तामाङले अवलोकन गरेकी छन् । तिमल्सिनाको नेपाली हाते कागज उद्योगको निरीक्षणका लागि उद्योगमन्त्री तामाङ बुधवार उद्योगमा पुगेर केराको थामबाट कागज निर्माण गर्ने प्रक्रियासँगै उद्योगको अवस्था अवलोकन गरेकी हुन् । उनले कागज उद्योगको प्रवर्द्धन गर्दै, प्रदेश सरकारबाट आवश्यक सामग्री र सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन् ।

मन्त्री तामाङले कागजको निर्माणलाई थप प्रोत्साहन गर्दै, नेपाली हाते कागजको प्रयोगलाई बढावा दिनका लागि मन्त्रीस्तरीय बैठकमा यस विषयमा छलफल गर्ने जानकारी दिइन् । मकवानपुरगढी गाउँपालिका-३ का कुबेरले युट्युब मार्फत् सीप सिकेर केराको थामबाट कागज उत्पादन गर्न थालेका छन् । डेढ महिनाअघि ३ लाख रुपैयाँको लगानीमा कागज उत्पादन थालेका तिमल्सिनाले हालसम्म ७ लाख लगानी गरिसकेका छन् । १ लाख रुपैयाँको कागज विक्री गरिसकेको उनले बताएका छन् । ८ वर्ष वैदेशिक रोजगारीको क्रममा साउदीअरब बसेर फर्किएका गढीका कुबेर पछिल्लो समय केराको थामबाट कागज बनाउन ब्यस्त छन् । सन् २०११ देखि साउदीअरबमा ड्राइभिङ गरेर फर्किएका मकवानपुरगढी-३ का कुबेरले युट्युबमा हेरेकै भरमा कागज उत्पादन सुरु गरेका हुन् । विदेश बस्दा उनलाई मातृभूमिमा केही गर्नुपर्छ भन्ने लागिरहन्थ्यो । नेपालमै पसिना बगाएर केही गर्छु भन्ने हुटहुटी बोकेर फर्किएका तिमल्सिनाले काठमाडौंमा ५ वर्ष ट्याक्सी किनेर चलाए । १२ कक्षासम्म अध्ययन गरेका कुबेरले १८ महिने भेटेनरीसम्बन्धी अध्ययन पनि गरे । ट्याक्सीबाट पनि खासै कमाई नभएपछि उनले बाख्रापालन थाले । वर्षभरि जोखिम लिएर पालेको खसीबोका ब्यापारी र बिचौलियामार्फत् बिक्री गर्नुपर्दा उनलाई बाख्रापालनमा पनि चित्त बुझेन । त्यसपछि उनलाई गाउँमै बसेर केही उत्पादन गर्नुपर्छ भन्ने लाग्यो । उनले युट्युबमा हेर्दै जाँदा केराको थामबाट धागो, कागज, कपडाजस्ता धेरै वस्तु बनाउन सकिने थाहा पाएपछि केराको बोटबाट कागज उत्पादन सुरु गरे । मकवानपुर गढीमा धेरै केराखेती हुन्छ । केरा बेचिसकेपछि त्यसको बोट काटेर फालिन्छ ।

यसबाट धेरै कुरा बन्ने कसैलाई थाहा नहुँदा सदुपयोग नगरेको देखिन्छ । डेढ महिनाअघिमात्र ३ लाख रुपैयाँको लगानीमा कागज उत्पादन गर्न थालेका तिमल्सिनाले हालसम्म उद्योगमा ७ लाख लगानी गरिसकेका छन् । छोटो समयमै कागज उत्पादन थालेको उनको नेपाली कागज गढी गाउँपालिकाले ५ हजार पिस खरिद गरिसकेको छ । वार्षिक ५० हजारसम्म नेपाली कागज खरिद गर्दै आइरहेको गाउँपालिकाले अबका दिनमा आफ्नै स्थानीयले उत्पादन गरेको कागज खरिद गर्ने बाचा गरेको उनले बताए । पहिलो प्रयासमै कागज उत्पादन गर्न सफल भएपछि यसलाई अझै व्यवस्थित ढंगले अघि बढाउने सोच बनाएका कुबेरलाई उद्योगमत्री तामाङसँगको भेटपछि उत्साह थपिएको छ । केराको थामबाट रेशा निकाल्ने र त्यसलाई पकाएर सफा गरेर घाममा सुकाएपछि नेपाली कागज बन्ने उनले बताए । केराबाट बनेको कागजलाई ब्राण्ड बनाउने सोच रहेको उनी बताउँछन् । केराबाट बन्ने वाइन, कपडा, चिप्स, धागो, ग्रिन पाउडरलगायत सबै उत्पादन गर्न सकिने उनले बताए । खेर गएको केराको बोटको महत्व बुझाउन मेशिनसहितको ठूलो उद्योग स्थापना गरेर १५/२० जनालाई रोजगारी दिने उनको लक्ष्य छ । यसका लागि उद्योगमन्त्री तामाङको सहयोग मिल्ने कुरामा उनी आशावादी देखिएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन ३ गते शनिबार १५ फेब्रुअरी २०२५ । तृतीया, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४३, सूर्यास्त ५:५४ । अन्तर्राष्ट्रिय बाल्यकाल क्यान्सर दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# रेडियोमा श्रोता संकट कि सामग्री ?

✍ मधु आचार्य, डा. भूमिराज चापागाईं

### मिडियाप्रतिको बुझाइ

विश्व रेडियो दिवस २०२५ मनाउँदै गर्दा रेडियोले महत्वपूर्ण माध्यमका रूपमा निरन्तर कसरी सेवा दिइरहेको छ भन्ने कुरा समीक्षा गर्नु आवश्यक छ । डिजिटल माध्यमको विस्तारका बावजुद, रेडियो विशेषगरी नेपालको ग्रामीण समुदायहरूका लागि अझै पनि सूचना प्राप्त गर्ने विश्वासिलो स्रोत हो । तर, सामाजिक सञ्जाल र डिजिटल समाचार प्लेटफर्महरूको उदयसँगै रेडियोले आफ्ना श्रोताहरूलाई कायम राख्न कठिनाइहरूको सामना गरिरहेको छ । सूचनाप्रविधिको विकाससँगै सूचना प्राप्त हुने स्रोतमा पनि विविधता आएको छ । कुनै समय रेडियो र पत्रपत्रिका मात्र सूचना तथा समाचारको स्रोत थियो । प्रविधिको विकाससँगै परम्परागत सञ्चारमाध्यममा टेलिभिजन पनि थपियो । पछिल्लो समय सूचनाप्रविधि विकासका नयाँ आयामका रूपमा फरक-फरक विशेषता र फिचर सहितका सामाजिक सञ्जाल र अनलाइन पोर्टलहरू थपिएका छन् । प्रविधिको विकाससँगै सूचना तथा समाचार प्राप्त गर्ने माध्यमहरूमा पनि व्यापक परिवर्तन आएको छ ।

सूचना तथा समाचारको स्रोतमा आएको विविधतासँगै मिडिया बारेको बुझाइमा समेत फरक-फरक दृष्टिकोणहरू देखिन थालेका छन् । नेपाल मिडिया सर्भे २०२४ मा ६१ जिल्लाका १९० पालिकाका २५० वडाहरूमा पुगी १८ देखि ७० वर्ष उमेरका ४ हजार २६७ जनासँग प्रत्यक्ष कुराकानीका माध्यमबाट गरिएको राष्ट्रिय सर्वेक्षणमा सहभागी उत्तर दातालाई तपाईंले मिडिया भनेर केलाई बुझ्नुहुन्छ भनेर सोधेका थियौं । सर्वेक्षणमा सहभागी अधिकांशले मिडिया भन्नाले टेलिभिजन (२१.५ प्रतिशत) र रेडियो (२०.६ प्रतिशत) लाई बुझ्ने गरेको बताएका थिए । टेलिभिजन र रेडियोलाई मिडिया भनेर बुझ्नेमा स्नातकभन्दा धेरै पढेका, शहरी र बागमती प्रदेशका बासिन्दा धेरै छन् ।

अर्कोतर्फ शहरी र शिक्षितहरूले फेसबुक (१९.९ प्रतिशत) र युट्युब (१६.९ प्रतिशत) लाई पनि मिडियाकै रूपमा बुझ्दा र हेर्छन् । फेसबुक र युट्युबलाई मिडियाको रूपमा बुझ्ने उत्तरदातामा १८ देखि २४ वर्षका, शिक्षित र शहरी क्षेत्रका बासिन्दा नै धेरै छन् । प्रदेशगत रूपमा हेर्दा अधिकांश बागमती प्रदेशका उत्तर दातामा यस्तो बुझाइ रहेको देखिन्छ । पत्रकारलाई नै मिडिया भनेर बुझ्नेमा भने ग्रामीण क्षेत्रमा बसोबास गर्ने, कक्षा १० सम्मको शिक्षा हासिल गरेका र मधेश प्रदेशमा बसोबास गर्ने धेरै छन् । रेडियो र टेलिभिजनलाई मिडियाको रूपमा बुझ्नु स्वाभाविक नै हो । तर फेसबुक र युट्युबलाई मिडिया भनेर बुझ्नुका पछाडिका कारण भने रोचक हुन सक्छन् ।

विगत केही वर्षयता रेडियो र टेलिभिजनका सञ्चालकहरूले श्रोता दर्शकलाई मैले रेडियोमा सुन्न वा टेलिभिजन सेटमा कुनै कार्यक्रम हेर्न पाइन भनेर चिन्ता गर्नु नपर्ने बनाइदिएका छन् । सर्सर्ती पछिल्लो अभ्यास हेर्दा रेडियो र टेलिभिजनहरूले आफ्ना कार्यक्रमहरू फेसबुक तथा युट्युबमा राख्ने र प्रसारण गर्ने प्रचलन निकै बढेको छ । रेडियो र टेलिभिजनसँग आफ्ना श्रोता दर्शक के-कति भन्ने तथ्याङ्क छैन । प्राय: नेपालमा सञ्चालित रेडियो र टेलिभिजनहरूले आफ्ना श्रोता दर्शकका बारेमा जानकारी लिन वा अध्ययन गर्न रुचि राखेको पनि पाइँदैन ।

फेसबुक र युट्युब मार्फत बढीभन्दा बढी श्रोता दर्शक सामु आफ्ना विषयवस्तु पुऱ्याउने र त्यहीं आएको भ्युजलाई नै लोकप्रियताको मापन गर्ने प्रतिस्पर्धाले गर्दा रेडियो र टेलिभिजनले आफैंले जबर्जस्त रूपमा फेसबुक र युट्युबलाई मिडियाको रूपमा स्थापित गराएको देखिन्छ । दर्शक/श्रोताले विषयवस्तु निर्माण गर्ने सञ्चार गृह र कार्यक्रम प्रसारण हुने प्लेटफर्मको भेद छुट्याउन नसक्ने अवस्थाले गर्दा पनि श्रोता/दर्शकले प्लेटफर्मलाई नै मिडिया भनेर बुझेको देखिन्छ ।

### समाचारको स्रोत

मिडियाप्रतिको बुझाइ र दैनिक रूपमा सूचना तथा समाचार प्राप्त गर्ने स्रोतको सम्बन्धलाई हेर्दा अधिकांश मानिसको समाचारको स्रोतको रूपमा फेसबुक र युट्युब नै पहिलो रोजाइमा देखिन्छ । कुनै पनि माध्यमहरूको नाम नभनी तपाईंले आफ्नो घर वरिपरिका वा देश विदेशमा घटेका समाचारहरू कुन कुन माध्यमबाट थाहा पाउनुहुन्छ? भनी बहुउत्तर आउने गरी सोधेको प्रश्नमा करिब ६२ प्रतिशत उत्तरदाताले फेसबुक र ४४.४ प्रतिशतले युट्युबबाट आफूहरूले समाचार प्राप्त गर्ने बताए ।

फेसबुक आफैंमा मिडिया नभए पनि यसबाट प्रसारित सामग्रीलाई समाचारका रूपमा बुझ्ने वा परम्परागत मिडियाले फेसबुक मार्फत आफ्नो समाचार प्रसार गर्दा त्यसलाई पनि फेसबुककै अंग ठान्ने धारणाले पनि यसमा भूमिका खेलेको हुन सक्छ । परम्परागत सञ्चारमाध्यम रेडियोबाट समाचार प्राप्त गर्ने २३.६ प्रतिशत र टेलिभिजनबाट समाचार प्राप्त गर्ने करिब २१.३ प्रतिशत रहेको छ ।

अनलाइन समाचार साइटबाट समाचार प्राप्त गर्नेको संख्या पनि करिब ११.८ प्रतिशत रहेको छ । अर्थात् समग्र रूपमा सूचना, जानकारी तथा समाचार प्राप्त गर्नका लागि अधिकांश नेपालीको रोजाइमा सामाजिक सञ्जाल र अनलाइन नै देखिन्छ । फेसबुक र युट्युब च्यानलहरू मिडियाका रूपमा परिभाषित भइरहँदा यसको व्यापकता र यसले निर्वाह गर्ने प्रसारकको भूमिकाप्रति पनि ध्यान दिनु जरूरी हुन्छ । शहरी क्षेत्रको लेखपढ गरेको युवा पुस्ता लक्षित सामग्रीहरू यिनै माध्यम मार्फत प्रसार भइरहेका छन् । मिडियाको बुझाइ र उपयोगमा देखिएको यो परिवर्तनले मानिसले परम्परागत सञ्चारमाध्यमको उपयोगबाट बिस्तारै 'एल्गोरिदम' मा आधारित समाचार र सूचना सामग्री ग्रहण गर्न थालेको पुष्टि हुन्छ ।

प्रदेशगत रूपमा समाचार प्राप्त गर्ने स्रोतलाई हेर्दा फेसबुकलाई समाचारको स्रोतका रूपमा प्रयोग गर्नेमा सुदूरपश्चिम प्रदेश (७१.५ प्रतिशत) र बागमती प्रदेश (६९.८ प्रतिशत) सबैभन्दा अग्रस्थानमा छन् भने युट्युबलाई समाचारको स्रोतको रूपमा प्रयोग गर्नेमा सबैभन्दा बढी गण्डकी प्रदेश (५६.३ प्रतिशत) र बागमती प्रदेश (५३.८ प्रतिशत) अग्रस्थानमा रहेका छन् ।

रेडियोलाई समाचारको स्रोतका रूपमा प्रयोग गर्नेमा सबैभन्दा धेरै सुदूरपश्चिमका (४६.६ प्रतिशत) उत्तरदाताहरू रहेका छन् भने टेलिभिजनलाई समाचारको स्रोतका रूपमा प्रयोग गर्नेमा बागमती प्रदेश (३१.७ प्रतिशत) अगाडि रहेको छ । शहरमा बसोवास गर्ने, १८ देखि २४ वर्षको उमेर समूहका र शिक्षित समुदायमा फेसबुक बढी लोकप्रिय देखिन्छ भने साक्षरता दर कम भएका, ग्रामीण क्षेत्रमा बसोबास गर्ने र न्यून आय भएका मानिसहरूमा रेडियो बढी लोकप्रिय देखिन्छ । बागमती र गण्डकी प्रदेशमा परम्परागत र डिजिटल प्लेटफर्म दुवैको उपयोग बढ्दो क्रममा देखिएको छ, जसले मिडियाको उपभोगमा पूर्वाधार र सामाजिक-आर्थिक तत्त्वहरूले प्रभाव पार्ने रहेछन् भन्ने देखिन्छ ।

### रेडियोका श्रोता

शेयरकास्टले विगत एक दशकदेखि गर्दै आएको मिडिया सर्वेक्षणमा आएको प्रतिवेदनले रेडियोका श्रोता प्राय: स्थिर नभई घटना विशेषका आधारमा घटबढ भइरहने देखाएको छ । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाका समयमा गरिएको सर्वेक्षणमा करिब ७२ प्रतिशतले कोरोनासँग सम्बन्धित जानकारी र अन्य सूचना तथा समाचार रेडियोबाट थाहा पाएको बताएका थिए । भूकम्प र कोरोना महामारीका समयमा रेडियोका श्रोता ह्वात्तै बढेका थिए भने सामान्य अवस्थामा रेडियोका श्रोता करिब एक तिहाइ हाराहारी देखिन्छ । नेपाल मिडिया सर्भे २०२४ मा तपाईं रेडियो कत्तिको सुन्नुहुन्छ भनेर सोधिएको प्रश्नमा करिब ३२.२ प्रतिशतले रेडियो सुन्छु भनेर जवाफ दिएका छन् । रेडियो सुन्नेहरूले प्राय: बिहान ६ देखि ८ बजेको समय र बेलुकाको ७ देखि ९ बजेको समयमा रेडियो सुन्छन् ।

रेडियो सुन्नेमध्ये करिब ४१ प्रतिशतले दैनिक नै रेडियो सुन्छन् भने करिब २६ प्रतिशतले सरदर दैनिक आधा घण्टा र करिब २४ प्रतिशतले सरदर दैनिक १ घण्टा जति रेडियो सुन्छन् । हिजोआज करिब ७० प्रतिशत श्रोताले मोबाइलमा रेडियो सुन्छन् भने रेडियो सेटबाटै रेडियो सुन्नेको संख्या करिब ३० प्रतिशतको हाराहारी मात्र छ । रेडियो सुन्ने तौरतरिका सेटबाट मोबाइल फोनमा रूपान्तरण भइसकेको छ । कोरोनापछि रेडियोका श्रोता घटेको तर्फ धेरै रेडियो सञ्चालकहरूको चिन्ता र चासो छ । रेडियोका श्रोता घटेको भन्दा पनि आफ्नो रुचि र आवश्यकता अनुसारका सामग्रीहरू रेडियोभन्दा अन्य माध्यमबाट प्राप्त हुन थालेपछि अर्कातिर सरेका हुन् भन्नु उपयुक्त होला । प्रविधिमा आएको परिवर्तन सँगसँगै मिडिया उपभोगको आनीबानीमा परिवर्तन हुनु स्वाभाविक नै हो ।

अनन्तकालसम्म एउटै मिडियम लोकप्रिय वा अधिकांशको रोजाइमा नरहन पनि सक्छ । त्यसका कारणहरू धेरै हुन सक्छन् । आजभोलि मिडियाको उपयोग नितान्त व्यक्तिगत रूपमा हुने गरेको छ । आफूले प्रयोग गरिरहेको माध्यमले भन्दा छिटो, आफूलाई मन पर्ने र आफूले खोजेको विषयवस्तु अन्य माध्यमबाट सजिलै प्राप्त हुने बित्तिकै मानिसले त्यो सहजताको उपयोग गरिहाल्छ । मिडिया उपभोक्ताले आफ्नो रुचि र चाहना बमोजिमका विषयवस्तु जहाँबाट प्राप्त गर्छ उतैतिर लाग्छ । अहिले मिडिया परिदृश्यमा आएको परिवर्तन पनि यही नै हो । रेडियोमा पुन: श्रोता फर्काउनका लागि मानिसका रुचि तथा आवश्यकता पहिचान गरी रेडियोका सामग्रीहरू परिष्कृत र परिमार्जन गर्नु अपरिहार्य हुन्छ ।

विश्वव्यापी रूपमा, रेडियो पनि डिजिटल प्लेटफर्महरूसँग एकीकृत भएर अडियो माध्यमका रूपमा नयाँ स्वरूप लिँदै गएको छ । अमेरिका, बेलायत र भारत जस्ता देशहरूमा पोडकास्टिङ र लाइभ स्ट्रिमिङ जस्ता प्रविधिहरूले रेडियोलाई नयाँ पुस्तासँग जोड्न मद्दत गरेका छन् । यी परिवर्तनहरूले नेपालका एफएम रेडियोहरूलाई पनि आफ्ना रणनीति पुनर्विचार गर्न बाध्य बनाएका छन् । रेडियोले डिजिटल युगमा प्रतिस्पर्धा गर्न, नयाँ प्रविधि अंगीकार गर्न र श्रोताको रुचि अनुसार सामग्री विकास गर्न अपरिहार्य बन्दै गएको छ ।

### रेडियोसँग श्रोताको अपेक्षा र सुझाव

मिडिया सर्वेक्षण २०२४ मा नेपालका एफएम रेडियोका लागि रेडियो कार्यक्रमका सम्बन्धमा के सुझाव दिनुहुन्छ भनेर सोधिएको प्रश्नको जवाफमा अधिकांशले सत्य, तथ्य समाचार प्रसारण गर्नुपर्ने सुझाव दिएका छन् । त्यसो त यही सर्वेक्षणको अर्को प्रश्नमा अधिकांश उत्तरदाताले समग्र सञ्चारमाध्यमहरू मध्ये रेडियोले प्रसारण गर्ने सूचना, सन्देश तथा समाचारप्रतिको विश्वास उच्च रहेको धारणा प्रकट गरिसकेका छन् ।

अर्थात् हिजोआज गलत र भ्रामक सूचना तथा अफवाह फैलाउने क्रम बढिरहेको परिप्रेक्ष्यमा रेडियोलाई सही सूचना, जानकारी र समाचार दिने माध्यमका रूपमा आफूहरूले लिएको र आफ्नो विश्वसनीयतालाई सदैव कायम राख्न सुझाव दिएका छन् । त्यसैगरी आफ्नो समुदायका सार्वजनिक सरोकारका विषय, स्थानीय सवाल र नागरिक शिक्षा सम्बन्धी कार्यक्रमहरू प्रसारण गर्नुपर्ने सुझाव दिएका छन् । एफएम रेडियो स्थानीय सञ्चारको माध्यम हो । नागरिकले एफएम रेडियोले स्थानीय समुदायकै कुराहरू अझै धेरै उठान गर्नुपर्नेमा जोड दिएका छन् । हरेक समुदायका स्थानीय सवालहरू फरक-फरक छन् । तसर्थ स्थानीय एफएम रेडियोहरूले आफ्नो समुदायका सरोकारका विषयहरू पहिचान गरी रेडियोबाट प्रसारण गर्नुपर्नेमा श्रोताहरूले जोड दिएका छन् ।

काठमाडौंबाट प्रसारण हुने समाचार र कार्यक्रमहरूलाई स्थानीय एफएम रेडियोले उच्च प्राथमिकताका साथ प्रसारण गर्छन् । समाचार र कार्यक्रम उत्पादनमा रेडियोका तर्फबाट लगानी पनि गर्नु नपर्ने र धेरथोर स्रोत पनि आउने हुँदा काठमाडौंका सामग्री अधिकांश रेडियोको रोजाइमा पर्छन् । तर काठमाडौंका सामग्रीले मात्र पुगेन, हामीलाई स्थानीय सामग्री नै चाहियो भन्ने प्रष्ट सन्देश श्रोताले दिएका छन् । श्रोताहरूको रोजाइमा परेका अन्य विषयवस्तुहरू जस्तै: नागरिक शिक्षा, नेपाली संस्कार, संस्कृति र सभ्यता, अध्यात्म, नैतिक शिक्षा, सकारात्मक सोच, आशा र अभिप्रेरणा जागृत गर्ने खालका सामग्रीलाई पनि रेडियोले प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन् ।

रेडियोको शक्ति: यसको पहुँच, विश्वास र समुदायसँगको गहिरो सम्बन्धमा निहित छ । यदि यसलाई डिजिटल युग अनुसार रूपान्तरण गर्न सकियो भने, यसले नेपालभरका श्रोताहरूलाई निरन्तर सूचना, शिक्षा र सशक्तिकरण प्रदान गर्न सक्छ, र भविष्यका वर्षहरूमा पनि अनुपम सञ्चारमाध्यमको रूपमा कायम रहन सक्छ ।

रेडियोले कार्यक्रम बनाउँदा कुन कुन विषय वा सवाललाई सबैभन्दा बढी प्राथमिकता दिनुपर्ला भनी सोधिएको प्रश्नको जवाफमा अधिकांश उत्तरदाताले आधुनिक/व्यावसायिक कृषिसँग सम्बन्धित विषयवस्तु प्रसारण गर्नुपर्ने सुझाव दिएका छन् । कृषिको आधुनिकीकरण, कृषि प्रविधि/प्राङ्गारिक तथा रासायनिक मल/उन्नत जातको बीउ बिजन/आधुनिक औजारहरू, बजार मूल्य र बिक्री केन्द्रका बारेमा कृषकहरूले बढी चिन्ता र चासो प्रकट गरेका छन् ।

कृषि पेशा/व्यवसायका बारेमा फरक-फरक भूगोलका मानिसहरूको फरक-फरक सूचना तथा जानकारी प्राप्त गर्ने अभिलाषा हुन सक्दछ । एउटै विषयवस्तुले सबैका आवश्यकता पूरा नहुन पनि सक्दछ । तसर्थ रेडियोहरूले कार्यक्रम बनाउँदा आफ्नो समुदायका मानिसहरूले कृषि पेशा तथा व्यवसायसँग सम्बन्धित के कुरा थाहा पाउन खोजेका छन् भन्ने बारेमा अध्ययन गरी कार्यक्रम निर्माण गर्नु उपयुक्त हुने देखिन्छ ।

अर्को महत्वपूर्ण सुझावमा रेडियोले आगामी दिनमा कार्यक्रम निर्माण गर्दा व्यक्तिगत स्वास्थ्य र सरसफाइसँग सम्बन्धित विषयलाई प्राथमिकतामा राख्ने भन्ने रहेको छ । नयाँ-नयाँ रोगहरूको पहिचानसँगै नागरिकहरूमा स्वास्थ्य प्रतिको जागरूकता, चासो र चिन्ता पनि दिन प्रति दिन बढ्दै गइरहेको छ । नागरिकहरूको चासो र चिन्तालाई हिजोआज डिजिटल माध्यमहरूले प्राथमिकतामा राखी स्वास्थ्यसँग सम्बन्धित सामग्रीहरू पर्याप्त रूपमा दिन थालेका छन् ।

मानिसको दैनिकी, खानपान, जीवनशैली, शरीरको हेरचाह, मौसम अनुसारका रोगसँग सम्बन्धित जानकारी, रोग लाग्नबाट बच्ने उपाय, रोग लागिसकेपछि अपनाउनुपर्ने सतर्कता, उपचार र व्यक्तिगत तथा समुदायको सरसफाइ लगायत जानकारीहरू रेडियोबाट आइदिए हुन्थ्यो भन्ने अपेक्षा श्रोताले राखेका छन् ।

श्रोताको तर्फबाट आएको अर्को महत्वपूर्ण सुझावमा वित्तीय साक्षरता, स्वदेशमै लगानीका अवसर तथा सम्भावित क्षेत्रहरू, लगानी साक्षरता र नवीनतम् प्रयास (स्टार्ट-अप आइडियाहरू), व्यवसाय गर्ने तौरतरिका लगायत आर्थिक तथा रोजगारी प्रवर्धन हुने खालका कार्यक्रमहरू दिनुपर्ने भन्ने रहेको छ । पछिल्लो समय देशभित्र सम्भावना नै छैन भन्ने भाष्य निर्माण भइरहेका बेला रेडियोका श्रोताहरूले भने स्वदेशमै भएका सम्भावना र अवसरहरूका बारेमा रेडियोले जानकारी दिनुपर्ने बताएका हुन् ।

स्वदेशमै व्यवसाय गरेर सफल भएका व्यवसायीका कथाहरू, नेपाल बाहिरबाट नेपालमा आएर व्यवसाय गरी मनग्य पैसा आर्जन गरेका क्षेत्रहरू, नेपाल सरकारले व्यवसायका लागि दिएका सहुलियत वा प्रोत्साहन, उत्पादन र बजार एवम् वित्त व्यवस्थापन सम्बन्धी जानकारी लगायत विषयमा रेडियो सामग्री दिनुपर्ने भनी श्रोताको सुझाव रहेको छ । यी र यस्ता जानकारीहरूले नागरिकहरूलाई स्वदेशमै अवसरको खोजी गर्न प्रेरित गर्दछ । व्यापार र रोजगारी वृद्धि गर्दछ । आन्तरिक अर्थतन्त्र चलायमान हुन्छ । रेडियो सुन्ने मानिसलाई रेडियोले आज के आशा लाग्दो कुरा गर्दैछ सुनौं न भन्ने भावना जागृत गर्दछ ।

### रेडियोप्रतिको विश्वास

रेडियोले प्रसारण गर्ने सामग्रीहरूप्रति नागरिकहरूको विश्वास के कस्तो छ भन्ने कुरा पर्गेल्नका लागि नेपालका एफएम रेडियोले प्रसारण गर्ने सूचना, जानकारी र कार्यक्रमहरू तपाईंलाई कत्तिको विश्वास लाग्छ भनेर सोधिएको थियो । सर्वेक्षणमा सहभागी ६१ प्रतिशतले रेडियोका सामग्रीहरूलाई विश्वास गर्ने बताएका छन् जसमा पूर्ण विश्वास गर्छु भन्ने २७ प्रतिशत छन् भने धेरै जसो विश्वास गर्छु भन्ने करिब ३४ प्रतिशत रहेका छन् । ठिकठिकै विश्वास गर्छु भनेर जवाफ दिने पनि करिब ३५ प्रतिशत रहेका छन् ।

अर्थात् रेडियोले प्रसारण गर्ने विषयवस्तुहरूप्रति श्रोतामा उच्च विश्वास र भरोसा रहेको देखिन्छ । सर्वेक्षणमा सहभागी जम्मा ३ प्रतिशतले मात्र रेडियोप्रति विश्वास नभएको बताएका छन् । श्रोताहरूले प्रकट गरेको यो विश्वास र भरोसा नै रेडियोको सबैभन्दा महत्वपूर्ण पूँजी हो । पहुँचका हिसाबले द्रुत गतिमा बढिरहेको डिजिटल माध्यमले दिने सामग्री प्रति आम मानिसहरू विश्वस्त हुन नसकी रहेको परिप्रेक्ष्यमा रेडियोका प्रति देखिएको यो विश्वास रेडियो समुदायका लागि ठूलो अवसर हो ।

रेडियोले दिने सामग्रीप्रतिको विश्वासमा विगत ३ वर्षयता कुनै परिवर्तन भएको छ कि छैन भनी सोधिएको छ । प्रश्नमा विगत ३ वर्ष यताको कुरा गर्दा, नेपालका एमएम रेडियोले प्रसारण गर्ने समाचार तथा कार्यक्रम प्रति तपाईंको विश्वास बढेको छ कि पहिला भन्दा घट्दै गएको छ वा उस्तै छ ? भनेर सोधिएको थियो । सर्वेक्षणमा सहभागी रेडियो सुन्ने मध्ये करिब ५२ प्रतिशतले पहिला भन्दा विश्वास झन् धेरै बढ्दै गएको बताएका छन्, करीब २९ प्रतिशतले विश्वासमा कुनै परिवर्तन नआएको बताएका छन् भने करीब १६ प्रतिशतले विश्वास घट्दै गइरहेको बताएका छन् ।

विश्वाससँग सम्बन्धित अर्को महत्वपूर्ण तथ्य नेपाली एफएम रेडियोले प्रसारण गरेका समाचार वा सूचना सही हो या गलत हो भन्ने कुराको यकिन गर्न वा जाँच गर्न तपाईं अन्य माध्यममा पनि जानुहुन्छ भनेर सोधिएको प्रश्नको जवाफमा करीब ८३ प्रतिशतले रेडियोले दिने समाचारलाई नै पूर्ण विश्वास गर्ने गरेको र रेडियोले दिएका विषयवस्तुको जाँच गर्न अन्यत्र नजाने बताए । यसले पनि रेडियोप्रतिको आम नागरिकको उच्च विश्वास र भरोसालाई पुष्टि गर्दछ । मूलधारका मिडियासँगको सम्पर्कमा रहेका उत्तरदाताले सञ्चारमाध्यमलाई 'पूर्ण विश्वास' वा 'अधिकांश अवस्थामा विश्वास' गर्नुको कारण मिडियाले वर्षौंदेखि आर्जन गरेको विश्वसनीयता हो । अर्कातर्फ, डिजिटल मिडियाका पाठकले यसको पहुँच र अन्तरक्रियात्मक प्रकृतिको प्रशंसा गरे पनि डिजिटल मिडियामा आउने सामग्रीको विश्वसनीयतामा सतर्क रहने गरेको पाइन्छ ।

नेपाल मिडिया सर्भे २०२४ ले नेपालको मिडिया परिदृश्यमा परम्परागत र डिजिटल मिडिया सहअस्तित्वमा रहेको देखाएको छ । मिडियाप्रतिको विश्वास अझै अपेक्षाकृत सबल नै रहेको देखिए पनि क्षेत्रीय प्रतिनिधित्व, पहुँच, उमेर समूहको भिन्नता र शैक्षिक योग्यता लगायत तत्त्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिएको छ । नयाँ पुस्ताले डिजिटल माध्यममा झुकाव राखिरहँदा पुरानो पुस्ता र दुर्गम क्षेत्रका बासिन्दाले परम्परागत मिडियाप्रति विश्वास राखेको देखिएको छ । मिडियाका सरोकारवालाले आफ्नो अस्तित्व कायम राख्न के-कस्तो कदम चाल्ने भन्ने विचार गर्नुपर्ने देखिन्छ, यसका लागि स्वस्थ सार्वजनिक बहस र बहुलवाद अपनाउँदै सीमान्तमा रहेकाहरूको आवाज राष्ट्रिय संवादमा समाहित भएको सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

### रेडियोको स्रोत र श्रोता

रेडियोमा जाने विज्ञापन घटेका कारण सञ्चार गृहले गुणस्तरीय सार्वजनिक चासो र रूचिका कार्यक्रमहरू उत्पादन गर्न सक्ने क्षमतालाई समेत खुम्चाइदिएको छ । व्यवसायका रूपमा रेडियोलाई विस्तार गर्नका लागि गुणस्तरीय कार्यक्रमको उत्पादन, प्रसारण, रेडियोको प्रवर्धन, आफ्ना श्रोताको आधिकारिक आकार र सोही बमोजिम बजारीकरण रणनीति महत्वपूर्ण हुन्छ । नेपालका धेरै एफएम रेडियोहरूले विगत एक दशक यता विज्ञापन आम्दानीमा लगातार गिरावट बेहोर्दै आएका छन्, जसले सामग्री उत्पादनमा लगानी गर्न कठिनाइ उत्पन्न गरिरहेको छ । विज्ञापनदाताहरू डिजिटल मिडियातर्फ आकर्षित भइरहेका कारण परम्परागत रेडियोले नयाँ राजस्व मोडेल खोज्नुपर्ने आवश्यकता देखिन्छ । आज मैले रेडियो सुनिन भने यो कुरा छुट्छ जुन सामग्री म छुटाउन चाहन्न वा सक्दिनँ भन्ने सामग्री रेडियोमा नआउञ्जेल श्रोता रेडियोतर्फ फर्कने सम्भावना हुँदैन ।

रेडियो सुन्ने श्रोता रेडियोमा नफर्कुञ्जेल विज्ञापन प्रसारण गर्ने कम्पनी वा एजेन्सी पनि रेडियोतर्फ फर्कँदैनन् । कम्पनी वा एजेन्सी रेडियोमा नपुग्नु भनेको रेडियोको समग्र वित्त प्रणाली खलबलिनु हो । यति बेला रेडियो स्टेशनहरूको वित्तीय अवस्था असन्तुलित छ । अर्थात् रेडियो सामान्य रूपमा चलाउन पनि आर्थिक रूपमा कठिन संघर्ष गरिरहेको छ । पर्याप्त स्रोत अभावमा पछिल्लो समय रेडियो स्टेशनहरूले नागरिकका रुचि र आवश्यकता पहिचान गर्ने र सोही बमोजिमका कार्यक्रम तथा सामग्रीहरूको उत्पादन तथा प्रसारणमा लगानी कटौती गरेका छन् । आफ्नो रेडियो कति जनाले सुन्छन् भन्ने अध्ययन गर्न हिच्किचाइरहेको रेडियो जगत फेसबुक र युट्युबमा आफ्ना विषयवस्तु राख्दा कम्तीमा कति भ्युज भयो भन्ने तथ्याङ्क भए पनि प्राप्त हुने र त्यसैलाई बजारीकरणको औजार बनाउन सकिने बुझाइमा छ ।

*(साभार: अनलाइनखबर)*

# कवाडी संकलन केन्द्र हटाउने महानगरको नीति : व्यवसायी र नगर प्रहरी आमनेसामने

काठमाडौं/गत वर्ष २० फागुनमा काठमाडौं भृकुटीमण्डपमा हजारौं कवाडी व्यवसायी सडकमा आए । काठमाडौं महानगरपालिकाको राष्ट्रिय सभागृह अगाडि कवाडी व्यवसायी, संकलकहरूले नाराबाजी गर्दै आन्दोलन गरे । कारण थियो- काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका सबै संकलन केन्द्र हटाउने भन्दै चालेको 'डोजर अभियान' । महानगरले नगर प्रहरी बलमार्फत सूचना टाँस्दै, माइकिङ गर्दै कवाडी संकलन केन्द्र भत्काउन थाल्यो । कवाडी संकलन केन्द्रमा डोजर चलाउन थालेपछि उनीहरू आन्दोलनमा आए । त्यसयता पाँच पटकभन्दा बढी आन्दोलन गरिसकेका छन् ।




अहिले फेरि यही विषयमा महानगर प्रहरी र कवाडी व्यवसायी आमनेसामने भएका छन् । काठमाडौं टेकुमा आइतबार कवाडी व्यवसायी र नगर प्रहरीबीच झडप समेत भयो । झडपमा दुवै पक्ष गरी पाँच जना घाइते भए । घाइते हुनेमा तीन जना कवाड व्यवसायी र दुई जना नगर प्रहरी छन् । कवाडी गोदाम हटाउन पुगेको काठमाडौं नगर प्रहरी बललाई कवाड व्यवसायीहरूले अवरोध गर्न खोजेपछि झडप भएको थियो ।

नगर प्रहरी टोली डोजर लिएर कवाडी संकलन केन्द्र भत्काउन पुगेको थियो । तर, कवाड मजदुरहरूले प्रतिवाद गर्न खोजेपछि झडप भएको महानगरले जनाएको छ । काठमाडौं महानगर नगर प्रहरी बलका कार्यवाहक प्रमुख एसपी विष्णु जोशीले कवाडी व्यवसायीले बोतल प्रहार गरेको र आत्मरक्षा गर्ने क्रममा दोहोरो झडपको स्थिति आएको बताए । तर, काठमाडौं महानगर प्रहरीलाई नागरिकमाथि लौरो चलाउने अधिकार नरहेको भन्दै सार्वजनिक स्थानबाट विरोध भएको छ ।

'मलाई ठोक्न दे सरकार ! अपराध हैन ?,' फुटपाथ व्यवसायीका लागि आन्दोलन गरेका अभियान्ता ई: ले सामाजिक सञ्जाल मार्फत प्रश्न गर्छन्, 'लौरो पनि बोक्न नपाउने नगर प्रहरीले निरन्तर कानुनी क्षेत्राधिकार उल्लंघन गरी अराजकता मच्चाउँदा सरकार, गृहमन्त्रीको मौनसमर्थन किन ? यो परिस्थिति कानुन पालना नगर्दा र कवाडी व्यवसायप्रति वर्गीय हेयदृष्टि राख्दा सिर्जना भएको स्पष्ट छ ।'

**संसद्रुमा उठ्यो विषय**

कवाडी व्यवसायी र महानगरको झडपपछि संसद्रुमा समेत यो विषयले प्रवेश पाएको छ । आइतबार संसद्रुमा आमजनता पार्टीका अध्यक्ष एवं सांसद प्रभु साहले काठमाडौं महानगरपालिकाले गुन्डागर्दी प्रदर्शन गरिरहेको बताएका छन् । प्रतिनिधिसभा बैठकमा सांसद साहले कवाडमा काम गर्ने मजदुर माथि सांघातिक हमला गरेर काठमाडौं महानगरपालिकाले गुन्डागर्दी प्रदर्शन गरिरहेको बताएका हुन् । यस्तै नेपाली कांग्रेस सांसद नगिना यादवले काठमाडौं महानगरले कवाड व्यवसायीमाथि अराजक गतिविधि भइरहेको भन्दै संसद्को ध्यानाकर्षण गराएकी छिन् ।

शुक्रबार प्रतिनिधिसभा बैठकमा उनले कवाड व्यवसायीमाथि भइरहेका यस्ता गतिविधि रोक्नसमेत आग्रह गरिन् । कर तिरेर व्यवसाय सञ्चालन गर्दै आउँदा पनि महानगरले कवाड व्यवसायीलाई तोडफोड, सामान जफत गरिरहेको भन्दै उनले आपत्ति जनाएकी हुन् । यस्तै सांसद अमेशकुमार सिंहले पनि काठमाडौं महानगरले कवाडी व्यवसायीमाथि अत्याचार गरेको भन्दै संसद्रुमा कुरा उठाउँदै आएका छन् । महानगर मेयर बालेन साहलाई 'हिटलर' को संज्ञा दिँदै सोमबार संसद्रुमा आकस्मिक समय लिएर बोलेका सांसद सिंहले मेयर साहले नाजीवादी शैलीमा गरिब र विपन्नमाथि अन्याय गरिरहेको बताए ।

'काठमाडौं महानगरका मेयरले हिटलर शैलीमा दिनदहाडै कवाड व्यवसायीमाथि डोजर चलाएर गरिब मजदुरलाई घाइते बनाएका छन् । जर्मनीमा लोकतान्त्रिक प्रक्रियाबाटै नाजीवादको उदय भए जस्तै मेयर साह तानाशाह बनेर निस्किएका छन् । बालेनको गतिविधिले जर्मनीको हिटलर, इटालीको मुसोलिनीको याद आएको छ,' उनले भने । लोकतन्त्रले जनताको अधिकार र सुरक्षा ग्यारेन्टी गरेको हुन्छ भन्दै सांसद सिंहले त्यसैका लागि राज्यको परिकल्पना गर्ने गरिएको बताए । उनले काठमाडौं सबै नेपालीको राजधानी भएको भन्दै सांसद सिंहले संसद् भवन, सिंहदरबार, रामशाहपथको सर्वोच्च अदालत, प्रधानमन्त्री निवास बालुवाटार र राष्ट्रपति कार्यालय शीतल निवास भत्काएर देखाउन चुनौती दिए ।

**जनमतको विरोध**

जनमत पार्टीले काठमाडौं महानगरपालिकाले कवाड व्यवसायीलाई ज्यादती गरेको भन्दै भर्त्सना गरेको छ । बुधबार विज्ञप्ति जारी गर्दै जनमतले संविधानले देशको कुनै पनि भागमा पेसा रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता दिएको प्रति महानगरलाई स्मरण गराइएको छ । व्यवसायीहरूमाथि नगर प्रहरी लगाएर निर्घात कुटपिट गर्ने र आतंक मच्चाउने काम महानगरले गरेको जनमतले आरोप लगाएको छ ।

**हामीसँग छलफल नै भएन, अब प्रतिकार गर्छौं : कवाडी व्यवसायी**

कवाडी व्यवसायी महासंघ अध्यक्ष रहेको सञ्जय साह कलवार अहिले काठमाडौं महानगरले हटाइरहेको कवाडी व्यवसायीका पक्षमा वकालत गर्दै प्रतिकारको नेतृत्व गरिरहेका छन् । उनले काठमाडौं महानगरले छलफल नै नगरी डोजर आतंक मच्चाएको बताए । 'हामी दर्ता भएर कर तिरेर संकलन गर्न तयार छौं, तर मेयरले कुरा सुन्नुपर्छ,' कलवारले भने । उनले काठमाडौं महानगरभित्र १ लाख कवाडी व्यवसायी रोजगार भएको भन्दै महानगरले उनीहरूको अधिकार खोस्न नमिल्ने बताए ।

'अस्थायी संरचना बनाएको छ, नक्सा पास छैन भन्ने विवाद छ । त्यो त छलफल गर्नुपर्‍यो नि ! सिधै आएको छ, डोजर चलाएको छ । मान्छे कुट्न त पाइन्न नि !,' उनले भने । कलवार ले अब काठमाडौं महानगरले धर पकड गरे प्रतिकार गर्ने सुनाए । 'अब हामी पनि चुप लागेर बस्दैनौं, हाम्रो ८ सय संकलन केन्द्र छ । जहाँ भत्काउँछ, त्यहीँ बनाउँछौं । सबै एकजुट भएर प्रतिकार गर्छौं,' उनले भने ।

**कवाडी संकलन केन्द्र नराख्न माग नै छ : महानगर**

काठमाडौं महानगर पालिकाका प्रवक्ता नवीन मानन्धरले कवाडी संकलन केन्द्र राख्न नहुने भन्दै स्थानीयको गुनासा आएको बताए । 'संकलन गर्न रोक लगाएको छैन तर व्यावसायिक र घना बस्तीमा संकलन केन्द्र बनाउन पाइँदैन भनेर व्यापक गुनासो आयो, त्यही अनुसार निर्णय गरेर अहिले हटाएका हौं,' मानन्धरले संचारकर्मीसँग भने, 'हामीले कवाडी करका विषयमा आर्थिक ऐनमै ल्याएका छौं । सोही अनुसार संकलन हुन्छ । तर, कुरा के हो भने अहिले जुन किसिमको समस्या आइरहेको छ, त्यो संकलन केन्द्रको कारण हो ।'

नक्सा पासविना, अनुमति नलिइकन र बस्तीलाई असुरक्षा महसुस हुने गरी कवाडी संकलन केन्द्र सञ्चालन गर्न नपाइने उनले बताए । 'हाम्रो पालिकाभित्र कवाडी संकलन केन्द्रमा कहिले आगलागी, कहिले चोरीका टन्नै केश आइरहेको छ । महानगरभित्र असुरक्षित ढंगले निर्माण गरेको संकलन केन्द्र हटाउने छौं,' उनले भने ।

मानन्धरले नगर प्रहरीले आत्मरक्षा गर्दा झडपको स्थिति आएको बताए । 'अवैध ढंगले सञ्चालनमा रहेको संकलन केन्द्रमा महानगर प्रहरी पुग्दा झगडा भएको हो,' उनले भने ।

**जनादेश अनुसार नै काम गरेका हौं : बालेन सचिवालय**

मेयर बालेन साहका प्रमुख स्वकीय सचिव भूपदेव शाहले महानगरभित्र कवाडी संकलन केन्द्र राख्न नहुने निर्णय जनादेश भएको बताउँछन् । कवाडी संकलन केन्द्रका कारण असुरक्षा, होहल्ला आएको भन्दै वडा सदस्य, वडाध्यक्षहरूले नै आवाज उठाउँदै आएपछि नगर सभाले नै निर्णय गरेको बताए । 'हाम्रो नगरसभाले नै कवाडी संकलन केन्द्र हटाउने निर्णय गरेको हो । त्यहीँ अहिले महानगरका सम्बन्धित विभागले काम गरिरहेका हुन्,' उनले भने, 'कवाडी करमा पनि पुरानो ठेक्काको समय सकिन लागेको भन्दै महानगर आफैंले कवाड संकलन गर्न खोजेको बताए ।

काठमाडौं महानगर प्रहरीका एक कर्मचारीका अनुसार अहिले महानगरले १ सयभन्दा बढी संकलन केन्द्र भत्काइसकेको छ । '३२ वटै वडामा कतै पनि कवाडी संकलन केन्द्र राख्न नदिने नै हाम्रो नीति हो, त्यही अनुसार अहिले सुरुमा माइकिङ गरेर हट्न भन्ने र नमाने डोजर चलाइरहेका छौं,' एक नगर प्रहरी अधिकृत भन्छन् ।

**नीति नै आवासीय क्षेत्र बाहिर**

चालु आर्थिक वर्ष २०८१/८२ लागु अगाडि काठमाडौं महानगरका वडाहरूले सूचना निकालेर आफ्नो वडाभित्र कवाडी संकलन केन्द्र नराख्न भनिरहेका थिए ।

**वडाको सूचना**

तर, महानगरले चालु आव कवाडी व्यवसाय दर्ता/नवीकरण गर्नेबारे सार्वजनिक सूचना निकाल्दै आवासीय क्षेत्रमा नराख्ने उल्लेख गर्‍यो । महानगरले ३० कात्तिकमा जारी गरेको सूचनामा छ 'महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका कवाडी व्यवसायहरूको दर्ता/नवीकरण गर्ने सम्बन्धमा महानगरको आर्थिक ऐन, २०५१ मा कवाडी संकलन केन्द्र ( आवासीय क्षेत्रबाहेक) भन्ने व्यवस्था भएको हुँदा चालु आव २०८१/८२ देखि महानगर क्षेत्रभित्रका आवासीय केन्द्रमा दर्ता/नवीकरण नहुने र आवासीय क्षेत्र बाहेक मात्र दर्ता/ नवीकरण हुने हुँदा सोही अनुसार आफ्नो कवाडी व्यवसाय सञ्चालन गर्न महानगरभित्रका सम्पूर्ण कवाडी व्यवसायीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।' अहिले महानगरले सोही नीति अनुसार धमाधम एक्सन लिइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'रंगी' प्रिमियर : मनछुने फिल्म बनेको प्रतिक्रिया



काठमाडौं/आज शुक्रबार अर्थात् फागुन २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'रंगी'ले बुधबार साँझ काठमाडौंको चाबहिलस्थित एफक्युब हलमा आयोजित प्रिमियरमा सकारात्मक प्रतिक्रिया पाएको छ । बाबु-छोरीको भावनात्मक सम्बन्धको कथामा आधारित रहेको फिल्म मनछुने बनेको प्राय:को प्रतिक्रिया थियो । फिल्म हेरेर निस्किँदै गर्दा कतिको आँखामा आँसु समेत देखिएको थियो ।

निर्देशक तथा अभिनेत्री दीपाश्री निरौलाले बाल कलाकार आयुषी ढकालको अभिनयको मुक्तकण्ठले प्रशंसा गरिन् । 'सानी बच्ची आयुषीले एकदमै राम्रो अभिनय गरेकी छन् । सलोन बस्नेतले पनि एवान गर्नुभएको छ,' उनले भनिन्, 'एक्लो बुबा-आमालाई सन्तान स्याहार्न गाह्रो हुँदो रहेछ भन्ने फिल्मले देखाउँछ । फिल्मले साँचिक्कै मन छुन्छ ।'

त्यस्तै, अभिनेता सलिनमान बनियाँले पनि फिल्मको कथावस्तुको प्रशंसा गरे । फिल्मले निकै भावुक बनाएको उनले बताए । 'बाबुले आफ्नो सन्तानका लागि कतिसम्म दु:ख र मिहिनेत गर्छन् भन्ने कुरा जसरी फिल्ममा देखाइएको छ, त्यसले मलाई इमोसनल बनायो । फिल्म हेरिरहँदा बुबालाई धेरै सम्झिएँ,' उनले भने । सलिनले फिल्मलाई ५ मा ५ रेटिङ समेत दिएका छन् ।

प्रिमियरमा उपस्थित भएका कलाकारहरु निर्मल शर्मा, दीपक आचार्य, दिक्पाल कार्की, जयकिशन बस्नेत, कमेडियन भरतमणि पौडेल, कोरियोग्राफर गम्भीर विष्ट, निर्देशक ज्ञानेन्द्र देउजालगायतले पनि फिल्मको कथावस्तु मन परेको बताए । उनीहरुले बाबु-छोरीको सम्बन्ध, कलाकारको अभिनय, प्राविधिक र निर्देशकीय पक्षको तारिफ गरेका थिए ।

सुरेश न्यौपानेको निर्देशनमा बनेको फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दीलिप रायमाझी, आयुषी ढकाल, विशाल पहारी, सुमिन गुरुङ लगायतको अभिनय छ । यो सलोनले निर्माण गरेको पहिलो फिल्म हो । यसमा उनले एकल बाबुको भूमिका निभाएका छन् । सक्षम सुवेदी, करिश्मा केसी र अनिश गौतम निर्मातामा रहेको फिल्ममा सुमन गजमेरले लेखन र सौरभ लामाको छायांकन छ ।

# 'मायावी' ट्रेलरमा पलको प्रेम र त्याग



काठमाडौं/लभस्टोरी फिल्म बनाउन सिपालु मानिएका दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा बनेको फिल्म 'मायावी'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक तीन मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । प्रेम प्राप्ति मात्र होइन, त्याग पनि हो भन्ने कुरालाई फिल्मले मुख्य कथावस्तु बनाएको ट्रेलरबाट बुझ्न सकिन्छ ।

तालनगरी पोखराको परिवेशमा खिचिएको फिल्मको ट्रेलर अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाईंमा केन्द्रित छ । मनमौजी स्वभावको एक युवक (पल)को जीवनमा एक युवती (दीपिका)को आगमनपछि आउने आरोह अवरोधलाई रोचक र मर्मस्पर्शी रुपमा देखाइएको छ । पलले बोलेका संवाद हाबी रहेको ट्रेलरमा उनको डाइलग डेलिभरी स्वभाविक लाग्छ ।

आगामी फागुन १४ गते अर्थात् महाशिवरात्रिबाट प्रदर्शनमा आउन लागेको फिल्ममा पल र दीपिकाका साथै लक्ष्मी गिरी, राजाराम पौडेल, अन्शु महर्जन, रवि डंगोल, रमा प्रसाईं, दीपेन्द्र सिम्खडा, संगीता सिलवाल लगायतको पनि अभिनय छ । यो फिल्मबाट समिम खानले डेब्यु गरेका छन् । ट्रेलरमा उनको विवाह दीपिकासँग भएको देख्न सकिन्छ ।

'मायावी'मा ुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी छ । प्रवीण भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्ममा मञ्जु भण्डारी, राजु पराजुली र सुमित ओली सह-निर्मातामा छन् । फिल्मको गीतमा शम्भुजित बाँस्कोटा र एसडी योगीले संगीत दिएका छन् भने कविराज गहतराज र प्रविन सिंहको कोरियोग्राफी, राजु विक्रम थापाको डीओपी तथा मिलन श्रेष्ठको सम्पादन छ ।

# ६ महिनामा ८० अर्ब राजस्व छुट, सरकारलाई निरन्तर प्रश्न

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष २०८१/८२ पहिलो ६ महिना अवधिमा झन्डै ८० अर्ब रुपैयाँ बराबर राजस्व छुट दिएको छ । सरकारले आयातमा ४० अर्ब ७६ करोड रुपैयाँ बराबर राजस्व छुट दिएको छ भने आर्थिक ऐन २०८१ बमोजिम कर राजस्वमा ३९ अर्ब २ करोड ९५ लाख बराबर छुट दिएको छ । यसरी आन्तरिक राजस्व र आयातमा गरी कुल ७९ अर्ब ७९ करोड ६८ लाख राजस्व छुट दिइएको अर्थ मन्त्रालयको तथ्यांकमा देखिन्छ ।

एकातर्फ महालेखा परीक्षकको कार्यालय सहित निकायले सरकारले यसरी दिने राजस्व छुट पारदर्शी नभएको भन्दै प्रश्न उठाइरहेका छन् भने अर्कातर्फ सरकारले लक्ष्य अनुसार राजस्व उठाउन सकेको छैन । तर, बजेटमै विभिन्न छुट अफर राखेर सरकारले ६ महिनामै झन्डै ८० अर्ब रुपैयाँ बराबर राजस्व छुट दिएको अर्थ मन्त्रालयको तथ्यांक छ । मन्त्रालयका अनुसार यसबीच मूल्य अभिवृद्धि कर (भ्याट) तथा भन्सार महसुल छुट दिइएको छ । पुस मसान्तसम्म आयात भएको ४ खर्ब २१ अर्ब ९ करोड ७० लाख बराबर वस्तुमा ४० अर्ब ७६ कर ोड ७३ लाख राजस्व छुट दिइएको अर्थले जनाएको छ ।

अर्थ मन्त्रालयका अनुसार मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५ (३) तथा अनुसूची १ का वस्तु आयातमा कर छुट दिने गरिएको छ । यस्ता वस्तु ६ महिनामा १ खर्ब ३८ अर्ब ३७ करोड ३७ लाख रुपैयाँ बराबर आयात भएको छ । जसमा लाग्ने १८ अर्ब ९२ करोड रुपैयाँ बराबर राजस्व छुट दिइएको मन्त्रालयले जनाएको छ । यस ऐनको अनुसूचीमा आधारभूत कृषि उत्पादन सूची राखिएको छ ।

यसैगरी आधारभूत आवश्यकताका वस्तु सूचीसमेत राखिएको छ । जसमा नुनदेखि दाउरासम्म सूची छ । तेस्रो समूहमा जीवजन्तु तथा त्यसका उपज छ । चौथो समूहमा कृषि सामग्री छ । पाँचौ समूहमा औषधि उपचार तथा स्वास्थ्य सेवा छन् । त्यस्तै छैटौं समूहमा शिक्षा र सातौं समूहमा किताब, अखबार र मुद्रित सामग्री समेत राजस्व छुट हुने समूहमा छन् । यसैगरी कलात्मक तथा कालिगढी सेवा, यात्रुवाहक यातायात र ढुवानी सेवा, व्यावसायिक वा पेसागत सेवामा समेत सरकारले कर छुट दिएको छ ।

यसैगरी भन्सार ऐन २०६४ को दफा ९ बमोजिम सरकारले ६ महिनामा ३ अर्ब ९ करोड ५९ लाख बराबर वस्तु आयातमा ८१ करोड ८९ लाख राजस्व छुट दिएको छ । यस ऐन अनुसार कूटनीतिक सुविधा अन्तर्गत पैठारी हुने मालवस्तुमा राजस्व छुट दिने प्रावधान छ । यसैगरी महसुल सुविधा अन्तर्गत पैठारी भएका मालवस्तुमा समेत छुट दिने नियम उक्त दफामा छ ।

उता, आर्थिक ऐन २०८१ को दफा १८ (२) अनुसार सरकारले ६ महिनामा ३ अर्ब १५ करोड ३६ लाख रुपैयाँ बराबर वस्तु आयातमा ९२ करोड ८२ लाख राजस्व छुट दिएको छ । यो दफा अनुसार मुनाफा रहित सामाजिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय निकायका संस्थाले पैठारी गर्ने मालवस्तुमा राजस्व छुट दिने प्रावधान छ ।

सोही ऐनको दफा १८ (३) बमोजिम यस अवधिमा १५ अर्ब ११ लाख रुपैयाँको वस्तु आयातमा १ अर्ब ९४ करोड ९६ लाख राजस्व छुट दिइएको छ । सोही दफा अनुसार नेपाल सरकार वा लगानी बोर्डसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारका नाममा पैठारी भएका मालवस्तुमा राजस्व छुट दिने प्रावधान छ ।

भन्सार महसुल ऐन २०८१ को दफा ११ बमोजिम ६ महिनामा ४० अर्ब २० करोड रुपैयाँ बराबर वस्तुमा २ अर्ब ७२ करोड रुपैयाँ राजस्व छुट दिइएको छ । यो साफ्टा सुविधा अन्तर्गत पैठारी भएका मालवस्तुमा दिइएको छुट सुविधा हो । उता, भन्सार महसुल ऐन २०८१ का विभिन्न दफा प्रयोग गरी सरकारले २ खर्ब २१ अर्ब २६ करोड ९१ लाख बराबर वस्तु आयात गर्दा १५ अर्ब ४२ करोड ९६ लाख बराबर राजस्व छुट दिएको छ । यसरी कुल ४ खर्ब २१ अर्बको वस्तु आयात गर्दा सरकारले ४० अर्ब ७६ करोड रुपैयाँ बराबर छुट दिएको तथ्यांकमा देखिएको छ ।

त्यस्तै आर्थिक ऐन २०८१ बमोजिम विभिन्न अफरमा ६ महिना अवधिमा सरकारले ३९ अर्ब २ करोड ९५ लाख कर राजस्व छुट दिएको छ । यसबीच कुल ९ हजार ३१ करदाताले यो छुट पाएको मन्त्रालयको तथ्यांक छ । यस वर्ष ६ महिनामा सबैभन्दा धेरै सोही ऐनको दफा २६ बमोजिम ढुवानी सेवा कारोबार गर्ने व्यक्तिलाई भ्याट छुट दिइएको छ । यस्तो छुट १ सय ५१ करदाताले पाएका छन् ।

जसको छुट रकम ३१ अर्ब ७५ करोड ६० लाख रुपैयाँ बराबर छ । सोही ऐनको दफा २४ बमोजिम भ्याट विवरण पेस नगरेका करदाताले उक्त विवरण पेस गरेबापत ६ अर्ब २१ करोड ८० लाख रुपैयाँ कर राजस्व छुट पाएका छन् । आय विवरण बुझाउन बाँकी करदातालाई आय विवरण बुझाएमा प्रदान गरिएको छुट ८६ करोड २८ लाख छ ।

**तर, राजस्व छुटमा निरन्तर प्रश्न**

सरकारले हरेक वर्ष दिने ठूलो राजस्व छुटको औचित्य र पारदर्शिता भने प्रश्नको घेरामा छ । महालेखा परीक्षकको ६१औं प्रतिवेदनले राजस्व छुटको दर घटबढ गर्दा लिएको आधार र विश्लेषणको अभिलेख नभएको भन्दै प्रश्न उठाएको छ । राजस्व छुट विवरण बजेट वक्तव्यमा नराखिएको भन्दै प्रश्न गरिएको छ । साथै, राजस्व छुट दिएका कारण वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानी अभिवृद्धि र आम नागरिकमा पुगेको सहुलियतको विश्लेषण समेत नभएको भन्दै महालेखाले प्रश्न गरेको छ ।

राजस्व छुट दायरा बढ्दै गएकाले त्यसको विश्लेषण गर्न समेत महालेखाले भनेको छ । महालेखाले विभिन्न वस्तु तथा सेवामा दिएको राजस्व छुट प्रभाव मूल्यांकन गरी यस्तो छुटलाई विनियोजन बजेटबाट व्यवस्थापन गर्न सुझाव दिएको छ ।

**पाँच वर्षभित्रै सबै छुट खारेज गर्न सुझाव**

यसअघि विद्याधर मल्लिक नेतृत्वको कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिले आफ्नो प्रतिवेदनमा समेत सरकारले दिने कर छुटबारे प्रश्न गर्दै विभिन्न सुझाव दिएको थियो । 'अबको पाँच वर्षभित्र सबै प्रकारका कर छुटका प्रावधान खारेज गर्नुपर्छ,' समितिले गत वर्ष बुझाएको प्रतिवेदनमा छ ।

हरेक वर्ष २ खर्ब रुपैयाँ बराबर कर छुट भइरहेको भन्दै आयोगले कर छुट प्रणालीलाई न्यून दर र केही वस्तु तथा सेवालाई कर खर्च प्रणालीमा लैजान सुझाव दिएको छ । कर छुट हटाइ कराधार विस्तार गर्न समेत समितिले भनेको छ । प्राकृतिक विपत्ति, महामारी र काबु बाहिरको परिस्थितिमा मात्र सरकारले कानुन बनाएर कर छुट दिने व्यवस्था गर्न समेत समितिले भनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'दु:खी आत्मा' र 'रंगी'को शोमा आकाश-जमिनको अन्तर

काठमाडौं/प्रणय दिवसको दिन पारेर फागुन २ गतेबाट प्रदर्शन हुन लागेका दुई फिल्म 'दु:खी आत्मा' र 'रंगी'को देशभरका मल्टीप्लेक्सहरूमा बुकिङ खुला भइसकेको छ । तर, दुई फिल्मको शोमा आकाश-जमिनको अन्तर देखिन्छ । हल सञ्चालकहरुले 'दु:खी आत्मा'लाई बढी काँध थापेका छन् । यो फिल्मले देशभर लगभग दुई सय शो प्राप्त गरेको छ भने 'रंगी' ६०-७० हाराहारी शोमा खुम्चिएको छ ।

सबैभन्दा धेरै हल रहेको मल्टीप्लेक्स चेन क्यूएफएक्स सिनेमाजले 'दु:खी आत्मा'लाई देशभर कुल ६५ शो उपलब्ध गराएको छ । यो उल्लेख्य शो हो । यही चेनमा 'रंगी' भने १६ शोमा सीमित छ । शोमा यही किसिमको भिन्नता अन्य मल्टीप्लेक्सहरूमा पनि देखिन्छ । दोस्रो ठूलो चेन आइएनआइले चार स्टेशनमा गरी 'दु:खी आत्मा'लाई १७ शो उपलब्ध गराउँदा 'रंगी'लाई जम्मा ४ शो दिएको छ ।

त्यस्तै, काठमाडौं उपत्यका भित्र सञ्चालित वान् सिनेमाजको नयाँ बानेश्वर र कालीमाटी हलमा गरी 'रंगी'लाई ३ र 'दु:खी आत्मा'लाई ९, एफक्यूबमा 'रंगी'लाई २ र 'दु:खी आत्मा'लाई ५, विएसआरमा 'रंगी'लाई १ र 'दु:खी आत्मा'लाई ४, बिग मुभिजमा 'रंगी'लाई १ र 'दु:खी आत्मा'लाई ३ शो छ । मोफसलमा रहेका अधिकांश मल्टीप्लेक्सहरूले पनि यही हिसाबले दुई फिल्मलाई शो बाँडेका छन् ।

'दु:खी आत्मा'ले जुन संख्यामा शो प्राप्त गरेको छ, त्यसअनुरुप अकुपेन्सी पनि हुन सकेको खण्डमा फिल्मको 'ओपनिङ' आक्रामक हुनेछ । 'रंगी' भने शोमै मार खाएको छ । यद्यपि, 'वर्ड अफ माउथ' बलियो भएर हलमा दर्शकको चाप बढेको अवस्थामा फिल्मको शो वृद्धि हुँदै जानेछ । दुवै फिल्म फरक कथामा बनेकाले दर्शकलाई आफ्नो रुचिअनुसार रोजीछानी फिल्म हेर्न पाउने सुविधा छ ।

सुरेश न्यौपानेको निर्देशन रहेको 'रंगी'मा सलोन बस्नेत, दीलिप रायमाझी, नम्रता श्रेष्ठ, आयुषी ढकाल आदिको अभिनय छ । यसमा सलोनले एकल बाबुको भूमिका निभाएका छन् । आयुषी उनको छोरी बनेकी छन् । यस्तै, दीपेन्द्र लामाको निर्देशनमा तयार भएको 'दु:खी आत्मा'मा दयाहाङ राई, आँचल शर्मा, अनुपविक्रम शाही, लोकेन्द्र लेखक, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*




(१) बिहीवार हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा हेटौंडा उपमहानगरलाई बालमैत्री घोषणाका लागि आयोजित समारोहमा उपस्थित नगरबासी । (२) पिप्लेक्याम्पा रंगशालाको बालमैत्री घोषणासभातर्फ अगाडि बढिरहेको उपमहानगरका कर्मचारीको प्रभातफेरी र्‍यालीको टोली । (३) बालमैत्री घोषणा कार्यक्रमको अवलोकनका लागि आएका नगरबासी पिप्लेक्याम्पा रंगशालाको प्यारापिट र मैदानमा । (४) घोषणा कार्यक्रमका लागि र्‍यालीसहित निस्किन तयार भएको हेटौंडा-२, स्थित सिद्धार्थ माविको शिक्षकको टोली । *तस्बिर: साझाकुरा ।*

# ‘हाम्रोघर बालगृह’को अक्षयकोष स्थापनार्थ महायज्ञ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ ग्रामिण जीवनस्तर सुधार मञ्चले हेटौंडा उपमहानगरपालिका-५ मा संचालन गर्दै आईरहेको ‘हाम्रोघर बालगृह’को अक्षयकोष स्थापनार्थ आज बिहीबारबाट हेटौंडामा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञको सुरुवात भएको छ ।

२०६५ सालबाट संचालनमा आइरहेको बालगृहलाई थप व्यवस्थित र दिगोपनका लागि अक्षयकोष स्थापनार्थ सुरु भएको महायज्ञको उद्घाटन गर्दै बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री विमल ठकुरीले राज्यले गर्नुपर्ने अति महत्वपूर्ण काम सार्वजनिक संघसंस्थाले गर्नु नमूना काम भएको भन्दै यस्ताखाले पवित्र कामलाई सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताए ।

अविभावकबाट विमुख भएका बालबालिकाको अविभावक भएर हाम्रोघरले समाजमा उदाहरणीय काम गरेको बताउँदै मन्त्री ठकुरीले निकै पवित्र उद्देश्य राखेर सुरु गरेको महायज्ञलाई सबै नागरिकले दिल खोलेर सहयोग गर्न अनुरोध गरेका छन् । २०७० सालबाट आफ्नै भवनबाट सेवा दिईरहेको बालगृहको दिगोपनको लागि महायज्ञले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै मन्त्री ठकुरीले आफूले सरकार मार्फत बालगृहलाई सहयोगको लागि आवश्यक पहलकदमी गर्ने प्रतिवद्धता समेत व्यक्त गरे ।

हाल १० बालिका सहित २७ जनाले आश्रय पाइरहेको बालगृहलाई दाताको दान विना संचालन गर्न कठिन हुने भन्दै आफूहरुले पुण्यकाममार्फत अक्षयकोष स्थापनार्थ सप्ताहको आयोजना गरेको संस्थाकी अध्यक्ष इन्दिरा डल्लाकोटी न्यौपानले बताइन् । अहिलेसम्म दुख:सुख गरेर बालगृह संचालन गरेको बताउँदै उनले महायज्ञबाट बालबालिकाको सफल भविष्यको लागि काम गर्न सकिने लक्ष्य लिइएको उनको भनाई रहेको छ । उद्घाटनको दिन दानको लागि दातासँग अनुरोध नगर्दा समेत नगद २० हजार रुपैयाँ संकलन हुनु शुभसंकेत भएको बताउँदै उनले जिल्लाका सबै स्थानीय तह, जनप्रतिनिधि तथा संघसंस्था, उद्योग व्यवसायीका प्रतिनिधिलाई सहयोगको लागि अपिल समेत गरेकी छिन् ।

फागुन ९ गतेसम्म संचालन हुने महायज्ञमा रामचन्द्र तिमल्सिनाले प्रमुख कथावाचन् गर्नेछन् भने उनलाई हरिचन्द्र तिमल्सीनाले सघाउने आयोजकले जनाएको छ । महायज्ञ हरेक दिन विहान ७ बजेदेखि रातको ९ बजेसम्म संचालन हुने आयोजकले जनाएको छ । उद्घाटन कार्यक्रममा समाजसेजवी सीताराम बर्तौला, महिलाउद्यमी मेनका श्रेष्ठ, हेटौंडा लेडी जेसीजकी कार्यकारी उपाध्यक्ष इन्दु बानियाँलगायको आतिथ्यता रहेको थियो ।

# वित्तीय सुशासन जोखिम मूल्यांकनमा बागमतीको फड्को

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (एफआरए) र स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (एलआईएसए) मा मकवानपुर जिल्लाभरका स्थानीय तहमध्ये बागमती गाउँपालिकाले फड्को मारेको छ ।

तोकिएको सूचकमा जिल्ला समन्वय समितिले तयार गरेको प्रारम्भिक नतिजामा गाउँपालिकाबाट प्रदान गरिएको पृष्ठपोषण जिससबाट समेत पृष्ठपोषण भई अन्तिम नतिजामा बागमती गाउँपालिका उत्कृष्ट अंक प्राप्त गर्न सफल भएको हो । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीका अनुसार बागमतीले एफआरएमा ८५.५ अंक र एलआईएसएमा ७७.७५ अंक प्राप्त गरेको छ । यो अंक जिल्लाभरका स्थानीय तहमध्ये दोस्रो हो । जिल्लाभरका स्थानीय तहमध्ये कैलाश गाउँपालिकाले उच्चअंक प्राप्त गरेको छ ।

योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, लेखांकन तथा प्रतिवेदन, अनुगमन, मूल्यांकन तथा लेखापरीक्षण, राजस्व व्यवस्थापन जस्ता मूल्यांकनका विषय क्षेत्रमा बागमतीले उत्कृष्ट अंक ल्याउन सफल भएको हो । स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनको सम्भावित जोखिमका क्षेत्रको पहिचान गरी त्यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन गरिँदै आएको छ ।

# लागूऔषध सहित चारजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ ड्राईभरडाँडास्थित सडकखण्डबाट बुधवार राति अवैध लागूऔषधसहित चारजनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा-८ बस्ने वर्ष २३ को निखिल तिमल्सिना, वर्ष २८ को भीमसेन पाण्डे, हेटौंडा-७ बस्ने वर्ष २७ को मन्जित गौतम र हेटौंडा-५ बस्ने वर्ष २० को साकार ढुंगेललाई प्रहरीले पक्राउ गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । उनीहरुलाई प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीटोलीले ४ ग्राम ९१० मिलि ग्राम लागूऔषध खैरोहेरोईन सहित पक्राउ गरेको हो ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, वीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको प्र.२-०३-०२१ प ६३०८ र बा.प्र. ०३-००५ प ९६६६ नं. को मोटरसाइकल रोकी चेकजाँच गरिएको थियो ।

चेकजाँचको क्रममा निखिलको साथबाट सो परिणामको लागूऔषध बरामद भएपछि चारैजना मिलेर ल्याएको बताइएपछि निजहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुलाई जिल्ला अदालत मकवानपुरमा उपस्थित गरई ७ दिनको म्याद थप अनुमति लिई अनुसन्धानकार्य अगाडि बढाएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

# प्रजिअ चिलुवालसँग मउवा संघको छलफल



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ मकवानपुर उद्योग वाणिज्य संघले प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालसँग छलफल कार्यक्रम गरेको छ । गत जेठमा सरुवाभई हेटौंडा आएका प्रजिअ चिलुवाल अर्थ मन्त्रालय सरुवा हुँदैछन् ।

सोही सन्दर्भमा संघमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक सन्तोष बिक्रम शाह, उपअनुसन्धान निर्देशक प्रज्ज्वल खड्का, संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गी, संघका पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो । सोही कार्यक्रममा नवआगन्तुक सशस्त्र प्रहरीउपरीक्षक सन्तोषबिक्रम शाहको स्वागत पनि गरिएको थियो ।

कार्यक्रममा संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले प्रजिअ चिलुवालबाट उद्योगी/व्यवसायीलाई सहजता प्रदान भएको बारे चर्चा गरेका थिए । उनले अर्थ मन्त्रालयबाट व्यवसायमैत्री वातावरण निर्माण गर्न प्रजिअ चिलुवालको योगदान रहने विश्वास व्यक्त गरे । संघका निवर्तमान अध्यक्ष कृष्णकुमार गुप्ताले हेटौंडा उपमहानगरपालिका कार्यालयबाट कर बृद्धि गर्दा प्रजिअ चिलुवालले सहजिकरण गरेको चर्चा गरे ।

संघका पूर्वअध्यक्ष सुमार्गीले बिभिन्न कालखण्डमा जिल्लामा आएका प्रजिअहरु र संघबीच सहकार्य हुँदै आएको बताए । उनले सफल उद्यमीले बैंककर्जा पाइरहने तर, संघर्षरत उद्यमीले नपाउने अवस्थामा सुधार गर्नुपर्ने बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी चिलुवालले मौद्रिक नीति प्रभावकारी हुँदा राज्यको नगदप्रवाह सहज हुने बताए । उनले नीति निर्माणबाट प्रणालीमा सुधार गर्दै समाधान खोजिनुपर्ने बताए ।

मकवानपुरमा आफ्नो कार्यअवधिमा बाढीपहिरोको बिपत्ति सामना गर्नुपरेको र तत्कालै सडक मर्मत गरी संचालनमा ल्याउन सफल भएको चर्चा गरे । उनले फास्टट्रयाक, विद्युत प्रसारण लाइन जस्ता क्षेत्रमा पनि कार्यसम्पादन गर्न पाएको बताए । मकवानपुरको सुरक्षासंयन्त्र प्रभावकारी रहेको उनको भनाई थियो । प्रविधिको उपयोग गर्दै कार्यसम्पादन प्रभावकारी गर्नुपर्ने उनको धारणा थियो ।

बजार अनुगमन व्यवसायीलाई व्यवसाय गर्न प्रोत्साहित गर्ने मनसायबाट हुनुपर्ने, पूनर्कर्जाको अवधारणा बैंकको व्याजभार भर्पाइ मात्र हुनेगरी भन्दापनि व्यापार बृद्धि गर्नेगरी बनाउनुपर्ने, चोरीपैठारी निरुत्साहित गर्दै फेयर ट्रान्जेक्शन गर्नेलाई प्रोत्साहित गर्नेगरी नीतिगत सुधार गर्नुपर्ने, कारोबार शुन्य हुँदा तिरेको कर आगामी दिनमा आयकरमा समायोजन गर्न पाउने व्यवस्था हुनुपर्ने जस्ता विषयमा चर्चा गरिएको थियो । कार्यक्रममा संघका महासचिव प्रतिमा श्रेष्ठ र वरिष्ठ उपाध्यक्ष दीपक उप्रेतीले आफ्ना भनाई राखेका थिए ।

# नेपाल सुपर लिगको अक्सन फागुन १० गते, खेलाडी रिटेन गर्न पनि पाइने




काठमाडौं, १ फागुन/ फ्रेन्चाइज फुटबल नेपाल सुपर लिग (एनएसएल) को तेस्रो संस्करणको लागि खेलाडीको अक्सन यही फागुन १० गते हुने भएको छ ।

आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट (एनएसइएम) ले बिहीबार प्रेस रिलिज जारी गर्दै तेस्रो संस्करणको अक्सन मिति तय गरेको हो ।

एनएसएलको तेस्रो संस्करणमा ७ टिमले प्रतिस्पर्धा गर्ने भएका छन् । यसअघि पहिलो संस्करणमा ७ टिमले प्रतिस्पर्धा गरेका थिए । दोस्रो संस्करणमा टिम संख्या बढाएर ९ पुर्‍याइएको थियो । तेस्रो संस्करणमा फेरि ७ टिमले मात्र खेल्ने भएका छन् । दोस्रो संस्करण खेलेका स्पोर्टिङ इलाम र वीरगंज युनाइटेड तेस्रो संस्करणमा सहभागि छैन ।

आयोजकले यस पटक फरक तरिकाले अक्सन गर्ने तयारी गरेको छ । अक्सनमा ए र बी क्याटेगोरीका खेलाडीहरु हुने आयोजकले जनाएको छ ।

यस्तै सी क्याटेगोरीका खेलाडीका पछि ड्राफ्ट हुनेछ । हरेक लेभलको खेलाडीका लागि अवसर प्रदान गर्ने उदेश्य रहेको आयोजकले जनाएको छ ।

यस्तै अक्सनमा समावेश हुने खेलाडीको सूची समेत सार्वजनिक भएको छ । आयोजकले ए, बी र सी गरी तीन क्याटेगोरीमा खेलाडीलाई विभाजन गरेको छ ।

एनएसइएमका एमसी श्रेयांश कार्कीले यस पटकको अक्सन नयाँ र अनुभी खेलाडीका लागि र म्रो अवसर हुने बताएका छन् ।

यस्तै यस पटक देखि आयोजकले खेलाडी रिटेन्सन समेत लागु गर्ने भएको छ । हरेक टिमले फरक क्याटेगोरीबाट २-३ खेलाडी रिटेन गर्नेछन् ।

आयोजकका अनुसार हरेक टिममा २२/२३ खेलाडी हुनेछन् । त्यसको ब्रेक डाउन पनि गरिएको छ । जसमा एक जना मार्की खेलाडी हुनेछ । यस्तै क्याटेगोरी ए बाट १ रिटेन्सनसहित २-३ खेलाडी हुनेछ । क्याटेगोरी बी बाट ६ खेलाडी हुनेछन् । क्याटेगोरी सी बाट ४ तथा क्याटेगोरी डी बाट १ खेलाडी हुनेछ । यस्तै १ रुकी खेलाडी र हनेछ भने ६ जना विदेशी/आइकोनिक खेलाडी हुनेछन् । विदेशीमा १ खेलाडी एसियाबाटै हुनुपर्नेछ । यसैगरी विदेशमा रहेका नेपाली खेलाडिहरुलाई पनि अवसर प्रदान गर्न १ एनआरएन कवटा पनि राखिएको छ ।

एनएसइमएका एमडी कार्कीले अक्सनको मिति तय भएपछि अब सबै टिमले मार्की खेलाडी घोषणा र प्लेअर रिटेन्सन गर्ने बताए । ‘अकसनअघि नै सबै टिमहरुले खेलाडीहरु रिटेन्स गरिसक्नुपर्नेछ ।’ उनले भने । ‘अब केही दिनमै प्लेअर रिटेन्सन, मार्की खेलाडी घोषणा हुनेछ ।’

यस्तै टिमहरुले प्रशिक्षक पनि नियुक्त गरिसक्ने सम्भावना छ । अहिलेसम्म झापा एफसी, ललितपुर सिटी एफसी र एफसी चितवनले प्रशिक्षक घोषणा नै गरिसके । अब काठमाडै रेजर्स, पोखरा थण्डर्स, धनगढी एफसी र बुटवल लुम्बिनी एफसीले मात्र प्रशिक्षक सार्वजनिक गर्न बाँकी छ । तेस्रो संस्करणको एनएसएल आगामी मार्च २९ (चैत १६) बाट सुरु हुँदैछ ।

*(स्रोत: अनलाइनखबर)*

# पाँच किलोमिटर दौडमा कार्की प्रथम



साझाकुरा संवाददाता

हेटौडा, १ फागुन/ हेटौडामा ३० औंजनयुद्ध दिवसको अवसरमा भएको पाँच किलोमिटर खुलादौड प्रतियोगितामा ओखलढुंगाका टंकबहादुर कार्की प्रथम भएका छन् ।

उनले १५ मिनेट ५२ सेकेन्डमा निर्धारित दूरी पारगरे । खोटाङका गजेन्द्र राईले १५ मिनेट ५३ सेकेन्डमा दूरी पारगर्दै द्वितीय र १६ मिनेट २ सेकेन्डमा दुरी पारगर्दै सिन्धुपाल्चोकका राज तामाङ तृतीय हुन सफल भए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई नगद १५ हजार, १० हजार र पाँच हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो । दौड प्रतियोगितामा १७० जनाले सहभागिता जनाएका थिए ।

पूर्वजनमुक्ति सेना नेपाल मकवानपुरको आयोजनामा भएको खुल्लादौड हेटौंडाको बुद्धचोकबाट सुरु भएको थियो । प्रतियोगिताका विजयी धावकलाई माओवादीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तान, बागमती प्रदेश सचिवाल सदस्य सर्केश घलान, माओवादी जिल्ला इन्चार्ज विजय गौतम, जिल्ला सचिव बीरबहादुर घलान ‘ज्वाला’, माओवादी केन्द्र मकवानपुरका फ्याक्सन इन्चार्ज ललित घलान, पूर्वजनमुक्ति सेना मकवानपुरका अध्यक्ष सुमन पाखिन, वाइसिएल नेपाल मकवानपुर इन्चार्ज कमल अर्याल, अखिल क्रान्तिकारी मकवानपुर अध्यक्ष बुद्धराज अर्याल लगायतले पुरस्कार वितरण गरेका थिए ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

**औजार उपकरण खरिदसम्बन्धी दरभाउपत्र आव्हानको सूचना !**

*(प्रथम पटक प्रकाशित मिति: २०८१/११/०१)*

आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार जनस्वास्थ्य कार्यालय, मकवानपुरको लागि दरभाउपत्रको माध्यमबाट विद्यालय नर्सहरुका लागि ल्यापटप खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म वा संस्थाहरुले मिति २०८१/११/१८ गते सम्म रु. १०००/०० रुपैया एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको कोड नं. ३७००१३२१६३ खाता नं. १०००१००२०००१०००० राजश्व शीर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंक, हेटौंडा शाखामा जम्मा गरेको सक्कल राजश्व भौचरसहित दरभाउ पत्रदाताले आ.व. २०८१/८२ का लागि नवीकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (PAN) र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व. २०८०/८१ को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी मिति २०८१/११/१८ गते दिनको १२:०० बजे भित्र e–submission मार्फत मात्र भर्न सकिनेछ । यसको लागि www.bolpatra.gov.np/egp मा फारम उपलब्ध छ । यस सम्बन्धमा विस्तृत सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



“नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !”

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना